# बौद्धनाथ क्षेत्र विकास समितिको कार्यकारी निर्देशक छनौट कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१।०९।२२ (मा.मन्त्रीस्तर)

**प्रस्तावनाः**

बौद्धनाथ क्षेत्र विकास समितिको कार्यकारी निर्देशक छनौट सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन वाञ्छनीय भएकोले **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३** को दफा ७ बमोजिम मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "बौद्धनाथ क्षेत्र विकास समितिको कार्यकारी निर्देशक छनौट कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "गठन आदेश" भन्नाले बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ सम्झनुपर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ६ बमोजिम नेपाल सरकारले नियुक्त गरेको कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले बौद्धनाथ क्षेत्र विकास समितिको कार्यकारी निर्देशक छनौट कार्यविधि, २०८१ सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले गठन आदेश, २०५३ दफा ३ बमोजिम गठन भएको समिति सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनुपर्छ।

(च) "छनौट समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिमको कार्यकारी निर्देशक छनौट समिति सम्झनुपर्छ।

(छ) "सदस्य-सचिव" भन्नाले कार्यविधिको दफा ३ उपदफा १ बमोजिमको सदस्य सचिव सम्झनुपर्छ।

## परिच्छेद-२

## समितिसम्बन्धी व्यवस्था

**३. छनौट समितिको गठनः** (१) कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि उम्मेदवार छनौट गरी सिफारिस गर्न मन्त्रालयले देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछ।

(क) सह-सचिव, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय -संयोजक

(ख) मन्त्रालयबाट मनोनित १ जना विज्ञ सदस्य -सदस्य

(ग) उपसचिव, प्रशासन शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) छनौट समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेको मिति, समय र स्थानमा आयोजना गरिनेछ।

(३) संयोजक र अन्य एकजना सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिने छ।

(४) छनौट समितिले बैठकसम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ।

(५) छनौट समितिले बैठकमा आवश्यकतानुसार नेपाल सरकारका कुनै कर्मचारी वा अन्य कुनै विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(६) छनौट समितिलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउने छ।

(७) छनौट समितिको सचिवालय बौद्धनाथ क्षेत्र विकास मन्त्रालयमा रहनेछ र यस कार्यविधि बमोजिमको कार्य सञ्चालन गर्न लाग्ने आवश्यक खर्च समितिबाट व्यहोरिने छ।

**४. छनौट समितिको काम, कर्तव्य र अधिकारः** (१) छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दरखास्त आव्हान गर्ने,

(ख) दरखास्त दिने व्यक्तिको शैक्षिक योग्यता र व्यावसायिक कार्ययोजनाको आधारमा योग्य उम्मेदवारको वर्णानुक्रमअनुसार सूची तयार गरी प्रकाशन गर्ने,

(ग) उम्मेदवारहरूको अन्तरवार्ता लिने,

(घ) यस कार्यविधिको दफा ९ को उपदफा ५ बमोजिम उम्मेदवारहरूको मूल्याङ्कन गरी उच्चतम् अङ्क प्राप्त गर्ने बढीमा तीन जनाको नाम वर्णानुक्रमको आधारमा नियुक्तिको लागि मन्त्रालयसमक्ष सिफारिस गर्ने।

## परिच्छेद-३

## कार्यकारी निर्देशक छनौटसम्बन्धी व्यवस्था

५. **उम्मेदवारको योग्यताः** (१) कार्यकारी निर्देशकको पदमा आवेदन दिनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) तीस वर्ष पूरा भई पैसठ्ठी वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा न्यूनतम तीन वर्ष कार्य गरेको,

(घ) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमतिपत्र वा सुविधा नलिएको।

६. **उम्मेदवारको अयोग्यताः** (१) देहायको व्यक्ति कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि अयोग्य मानिने छ।

(क) दफा ५ बमोजिमको योग्यता नपुगेको,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागु औषध कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

(ग) कुनैपनि दामासाहिमा नपरेको, किर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(ङ) अन्य प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य भएको।

७. **सूचना प्रकाशन एवम् आवेदनसम्बन्धी व्यवस्थाः** (१) कार्यकारी निर्देशकको पदपूर्तिका लागि छनौट समितिले बढीमा सात दिनको म्याद दिई दफा ५ बमोजिमको योग्यता र अनुभव पुगेका इच्छुक ब्यक्तिहरूलाई आवेदनको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सोसँग सम्बन्धित विस्तृत जानकारी मन्त्रालयको आधिकारिक वेवसाईट र सामाजिक सञ्चाल तथा सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा उल्लेख गरिएको सूचना बमोजिम उम्मेदवार बन्न इच्छुक व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन फाराम भरी सोही सूचनामा उल्लेख भएको सम्पर्क नम्बरमा सम्पर्क गरी तोकिएको स्थान र म्यादभित्र बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आवेदन पेश गर्दा देहाय बमोजिमको कागजात नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

(क) नेपाली नागरिकताको छायाँप्रति,

(ख) शैक्षिक योग्यताको छायाँप्रति,

(ग) अनुभवको प्रमाणपत्र,

(घ) वैयक्तिक विवरण (C.V.),

(ङ) कार्ययोजना (तीन प्रति)

(४) उपदफा (२) बमोजिमको आवदेन बुझाँउदा अनुसूची-२ बमोजिमको स्व-घोषणा समेत पेश गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम आवेदन दिंदा आवेदन दस्तुर रु.१५००/- (अक्षेरेपि एकहजार पाँचसय मात्र) समितिको खातामा जम्मा गरेको सक्कल बैङ्क भौचर पेश गर्नु पर्नेछ।

(६) सूचनाबमोजिम कम्तीमा १ (एक) जनाको आवेदन परेमा पनि यस कार्यविधि अनुसार छनौट गर्न बाधा पर्ने छैन।

८. **कार्ययोजनाः** (१) दफा ७ को उपदफा ३(ङ) बमोजिम पेश गरिने व्यावसायिक कार्ययोजना नेपाली भाषामा कम्तिमा तीन हजार शब्दमा लेखिएको हुनु पर्नेछ।

(२) व्यावसायिक कार्ययोजना पेश गर्दा छुट्टै सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

९. **छनौट प्रक्रिया र छनौटका आधारहरूः** (१) तोकिएको म्यादभित्र रितपूर्वक प्राप्त आवेदन मात्र छनौट समितिले कारबाहीको लागि अगाडि बढाउनेछ।

(२) नेपाल सरकारद्वारा मान्यता प्राप्त कुनै पनि संगठित संस्थाको कुनै पनि सेवामा अधिकृतस्तर वा सो सरहको अनुभव भएको हुनुपर्नेछ।

(३) उम्मेदवारले कार्ययोजनाका विषयमा प्रस्तुतीकरण गर्नुपर्नेछ।

(४) देहाय बमोजिमको कूल १०० अङ्कको मूल्याङ्कनका आधारमा कार्यकारी निर्देशकको छनौटको लागि सिफारिस गरिनेछ।

| | |
|---|---|
| (क) शैक्षिक योग्यता | १० अङ्क |
| (ख) अनुभव | १० अङ्क |
| (ग) व्यावसायिक कार्ययोजना | ३० अङ्क |
| (घ) प्रस्तुतीकरण | ३० अङ्क |
| (ङ) अन्तरवार्ता | २० अङ्क |

(५) उपदफा ४ बमोजिमको अङ्कलाई देहायअनुसार विभाजन गरी मूल्याङ्कन गर्नुपर्नेछः-

**(क) शैक्षिक योग्यता**

(अ) न्यूनतम शैक्षिक योग्यता ५ अङ्क

(आ) एक तह माथिल्लो शैक्षिक योग्यता ३ अङ्क

(इ) सोभन्दा माथिल्लो शैक्षिक योग्यता २ अङ्क

**(ख) सम्बन्धित क्षेत्रको अनुभव**

(अ) न्यूनतम तीन वर्षको अनुभव ५ अङ्क

(आ) तीनदेखि पाँच वर्षसम्मको अनुभव ३ अङ्क

(इ) पाँच वर्षभन्दा माथिको अनुभव २ अङ्क

**(ग) व्यावसायिक कार्ययोजना**

(अ) विषयवस्तुको ज्ञान (बौद्ध धर्म, संस्कृति, परम्परा) ५ अङ्क

(आ) समितिको विद्यमान कार्य सञ्चालनको अवस्थाको ज्ञान ५ अङ्क

(इ) समितिमा देखिएका समस्या, कमि कमजोरी, अवसर र चुनौतीहरू तथा सोको विश्लेषण क्षमता १० अङ्क

(ई) समितिको भावी रणनीतिक योजना (Future Strategic Plan) वापत १० अङ्क

**(घ) प्रस्तुतीकरण**

(अ) विषयवस्तुको समग्र तयारी ५ अङ्क

(आ) विषयवस्तुको प्रस्तुतीकरण १० अङ्क

(इ) तार्किक क्षमता ५ अङ्क

(ई) सङ्गठनको नेतृत्व गर्न सक्ने क्षमता ५ अङ्क

(उ) अन्तर वैयक्तिक सञ्चार ५ अङ्क

**(ङ) अन्तरवार्ता**

(अ) व्यक्तित्व ५ अङ्क

(आ) विषयवस्तुको ज्ञान ५ अङ्क

(इ) प्रस्तुतीको शैली ५ अङ्क

(ई) अन्तर वैयक्तिक सञ्चार ५ अङ्क

१०. **सिफारिस र नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) संक्षिप्त सूचीमा परेका उम्मेदवारको अन्तरवार्ता लिई एकमुष्ट अङ्कको आधारमा वर्णानुक्रम अनुसार उपलब्ध भएसम्म तेब्बर संख्यामा छनौट गरी नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट समितिले सिफारिस गरेको उम्मेदवारहरू मध्येबाट एक जनालाई बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ६ बमोजिम नेपाल सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

११. **कार्यसम्पादन करार गर्नुपर्नेः** समितिको कार्यकारी निर्देशकको पदमा नियुक्ति भएको मितिले ३० (तीस) दिनभित्र मन्त्रालयसँग संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ को दफा ८ बमोजिम कार्यसम्पादन करार गर्नु पर्नेछ।

## परिच्छेद-४

## विविध

१२. **कार्यविधिमा संशोधनः** यस कार्यविधिमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१३. **कार्यविधि बाझिएमाः** यस कार्यविधिमा भएको व्यवस्था अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनी व्यवस्था लागू हुनेछ।

१४. **कागजात सुरक्षित राख्नु पर्नेः** कार्यकारी निर्देशक नियुक्ति पश्चात छनौट प्रकृयाका सम्पूर्ण कागजात सिलबन्दी गरी छनौट समितिमा सुरक्षित राख्नु पर्नेछ।

१५. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा आइपरेका बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## आवेदन फारामको ढाँचा

श्री .........................,

छनौट समिति,

बौद्ध, काठमाडौं।

| क. वैयक्तिक विवरण |
|---|

१.उम्मेदवारको नामः

२. जन्म मितिः वर्ष महिना गते

| | वर्ष | महिना | गते |
|---|---|---|---|
| वि.स. | | | |
| ई.स. | | | |

३. स्थायी ठेगाना :

| | |
|---|---|
| जिल्ला/प्रदेश | न.पा./ गा.पा.<br>वडा नं. |
| टेलिफोन नं.<br>मोवाईल नं. | ईमेल ठेगानाः- |

४. अस्थायी ठेगाना :

| | |
|---|---|
| जिल्ला/प्रदेश | न.पा./ गा.पा.<br>वडा नं. |
| टेलिफोन नं.<br>मोवाईल नं. | ईमेल ठेगानाः |

५. नेपाली नागरिकताको प्रमाणपत्र सम्बन्धी विवरण :

| | |
|---|---|
| नागरिकता नं.- | जारी जिल्ला र मितिः- |

६. पति/पत्निको नामः

७. बाबु/आमाको नामः

८. बाजेको नामः

९. स्थायी लेखा नम्बर

१०. धर्म

| ख. शैक्षिक योग्यताको विवरण |
|---|

| क.स. | उपाधि | विश्वविद्यालय | श्रेणी वा जि.पि.ए. | उतिर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| ख. अनुभवको विवरण |
|---|

| क.स. | काम गरेको निकाय | पद | कार्य अवधि | | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. संलग्न कागजातहरू

१.
२.
३.
४.
५.

**माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।**

| **दायाँ** | **वायाँ** |
|---|---|
| | |

**दस्तखतः**

**मितिः**

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## स्व-घोषणा

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ को दफा ४ तथा सोको कार्यविधिको प्रकरण ४(२) बमोजिम यो स्व-घोषणा गरेको छु।

(क) मेरो बौद्धनाथ क्षेत्र विकास समितिसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ छैन।

(ख) मेरो नाममा कुनै पनि व्यक्तिगत बेरुजु बाँकी छैन तथा मैले नेपाल सरकारलाई तिर्नुपर्ने कर चुक्ता गरेको छु।

(ग) मैले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कसूरदार ठहर भएको वा कुनै पनि सजाय पाएको छैन।

(घ) मैले कुनैपनि दामासाहिमा परेको, किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको छैन।

(ङ) म प्रचलित कानूनबमोजिम कालोसूचीमा परेको छैन वा परेको भएपनि त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको अवस्था छैन।

(च) मैले कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको छैन,

(छ) म नेपालको प्रचलित कानूनबमोजिम बौद्धनाथ क्षेत्र विकास समितिको कार्यकारी निर्देशक पदका लागि अयोग्य छैन।

माथि उल्लिखित विषयहरूको सन्दर्भमा म ...................................................... वतन/ठेगाना ............................................. यो स्व-घोषणा गर्दछु कि माथि लेखिएका विषयहरू ठीक साँचो हुन्। गलत ठहरिए कानुनबमोजिम सहुँला बुझाउँला भनी सहीछाप गरिदिएँ।

| दायाँ | बायाँ |
|---|---|
| | |